Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

खबर

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

**आबश्यकता**

मुलुकी दैनिकलाई उदयपुर जिल्लाको सबै स्थानीय तहहरु चार नगरपालिकाहरु त्रियुगा, चौदण्डीगढी,बेलका, कटारी, चार गाउपालिकाहरु लिमचुङबुङ, रौता, उदयपुरगढी र ताप्ली गाउपालिकामा रहेर समाचार लेख्ने संवाददाता आबश्यक परेको हुदा इच्छुकले सम्पर्क गर्नुहोला।

सम्पर्क: ९८४२९८५१८८

■ बर्ष-१६, ▸▸ अंक ३१७ ▸▸ जेठ २३ आईतबार,२०७८, June–6 Sunday,2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. ५/- www.majhkharka.com

## राहत बितरण

❖ मुलुकी संवाददाता

*चौदण्डी, जेठ २२*

चौदण्डीगढी नगरपालिकाको ३ नं. वडामा हावाहुरीबाट प्रभावित भएका परिवारलाई कर्कटपाता वितरण गरिएको छ। स्थानीय सरकारको सहयोग अनुदानमा चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख खगेन्द्र राई र उपप्रमुख रिताकुमारी चौधरीको उपस्थितिमा कर्कतापाता बितरण गरिएको हो । ३ नम्बर वडा अध्यक्ष पर्शुराम राई र वडा सदस्यहरु हावाहुरी प्रभावित समितिका अध्यक्ष धनसेर राई र सदस्यहरुको हातबाट २१ घर पीडित परिवारलाई कर्कटपाता बितरण गरिएको हो ।गत बैशाख १७ गते राति आएको हावाहुरीले छाना उडाएको थियो ।



**सडकमा खतरा-** मदनभण्डारी लोकमार्गको गाईघाटस्थित श्रमिक पार्कमुनी रहेको सडक प्वाँल परेको छ। सडकमा प्वाल परेसँगै सवारी साधन लाई खतरा बढेको छ। तस्बिर - मुलुकी

## पत्रकारलाई औषधी सहयोग

❖ मुलुकी संवाद्दाता

*गाईघाट, जेठ २२*

कोभिड-१९ नियन्त्रणका लागि स्वास्थ्य सामग्री लिएर होमआईसोलेसनमा पुगेको नेपाल आयुर्वेद औषधि व्यवसायी संघले उदयपुरका पत्रकारहरुलाई निःशुल्क रोगप्रतिरोधात्मक आयुर्वेद औषधि उपलब्ध गराएको छ।

संघले करिब २० हजार बराबरको बिभिन्न ११ किसिमका आयुर्वेद औषधिहरु महासंघलाई हस्तान्तरण गरेको हो । अग्रपंङ्तीमा रहेर काम गर्दै आएका पत्रकारलाई लक्षित गरी संघका अध्यक्ष ओमराज लिम्बुको



नेतृत्वमा आएको टोलीले महासंघका अध्यक्ष भरत खड्कालाई सामग्री हस्तान्तरण गरेको हो ।

लिम्बुले कोरोनाबाट सुरक्षित रहन र संक्रमण भएको अवस्थामा पनि रोगप्रतिरोधात्मक क्षमता बढाउन मद्धत पुग्ने बताए । व्यक्ति विशेषलाई बाँडन गार्हो भएका कारण महासंघको आग्रहमा औषधि उपलब्ध गराइएको उनले बताए।

## लिमचुङबुङमा प्रहरीलाई भबन

❖ बुद्धि कुमार राई

*लिमचुङबुङ(बाराहा) जेठ २२*

उदयपुर जिल्लाको बिकट पहाडी उत्तरी गाउपालिका लिमचुङबुङमा प्रहरीको लागि भबन बन्ने कार्य अहिले तिब्र गतिमा भईरहेको छ । सहरी बिकास कार्यालय प्रदेश नम्बर एक मोरङको आर्थिक सहयोगमा इलाका प्रहरी कार्यालय लिमचुङबुङको लागि भबन बन्दै गरेको हो ।

प्रदेश सरकार सहरी बिकास कार्यालयको १ करोड ५१ लाख आर्थिक सहयोगमा भबन बनाउने काम भुष्नाम्छा कण्ट्रक्सनले निर्माणको जिम्मा पाएको हो । २०७७ मङ्सिर ५ गतेदेखि निर्माण सुरु गरेको भुष्नाम्छा कन्ट्रक्सनका प्रतिनिधि हेम दाहालले जानाकारी दिए । दाहालका अनुसार हाल गाउपालिकाको कार्यालय रहेको बाराहा भन्दा १ किलोमिटर उत्तर साईडमा इलाका प्रहरी कार्यालयको भबन बन्दै छ।

चालु आर्थिक बर्ष २०७८ को असार मसान्तमा काम सक्नुपर्ने हो तर कोरोना महामारीले प्रभाब पारेको भन्दै तिन महिना समय थपेर आगामी असोज महिनासम्ममा निर्माण सकिने भबन निर्माण ठेक्का लिएको कन्ट्रक्सनले जनाएको छ । भुई तलामा ८ कोठा र माथिल्लो तलामा ४ कोठा गरी १२ कोठाको भबनको निर्माणको ७५ प्रतिशत काम



सकिएको छ ।

आफ्नै भबन नहुँदा इलाका प्रहरी कार्यालय लिमचुङबुङ अहिले गाउपालिकाको महिला सञ्जालको कार्यालयमा काम चलाउ रुपमा कार्यालय सञ्चालन गरिरहेको छ । इलाका प्रहरी कार्यालय लिमचुङबुङका कार्यबाहक कार्यालय प्रमुख प्रहरी सहायक निरिक्षक पशुपति चौधरीका अनुसार इप्रकाको आफ्नै सुबिधासम्पन्न भबन नहुँदा समस्या भईरहेको छ।

कार्यालय सञ्चालन गर्न असहज छ, इप्रकामा कार्यरत प्रहरीलाई बस्नलाई समस्या छ । भबन बनेसँगै यि सबै समस्याको समाधान हुने भएको छ । प्रहरी नायब निरिक्षक को दरबन्दी रहेको लिमचुङबुङ गाउपालिकामा हाल प्रहरी सहायक निरिक्षकले कामचलाउ रुपमा इप्रका चलाउँदै आएका छन् । २४ जना प्रहरी हुनुपर्नेमा अहिले इप्रका लिमचुङबुङ बाराहामा १० जना प्रहरी छन् ।

उदयपुर जिल्लाको साबिक गाबिसहरु ताम्लिछा, बाँस्बोटे, बाराहा,बलम्ता र जाँते गाबिसहरु इप्रका लिमचुङबुङको कार्यक्षेत्र पर्दछ । लिमचुङबुङ गाउँपालिकामा अहिले ५ वटा वडा रहेको छ। इलाका प्रहरी कार्यालयसँग सवारी साधनको नाममा ३ वटा मोटरसाईकल छ। यो सवारी साधन पनि इप्रकालाई प्रयाप्त छैन कार्यवाहक प्रमुख असइ चौधरी बताउँछन्।

**सगरमाथा डिपाटमेन्ट स्टोर**
**गाईघाट, उदयपुर**



Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकिय

# सहयोग को सदुपयोग गरौ

अहिले कोरोना महामारीको कारण उदयपुरमा विभिन्न संघसंस्थाहरुले स्वास्थ्य सामाग्री सहयोग गरीरहेका छन्। पहिलो नम्बरमा सहयोग पाउनेहरुमा पत्रकार, सुरक्षाकर्मी, स्वास्थ्यकर्मीहरु रहेका छन्। सहयोग के का लागि किन र कस्ले लिने भन्नेमा पहिले सोच्ने गरेको पाइएन। पत्रकारहरुलाई किन स्वास्थ्य सामाग्री दिइएको हो भन्दा पत्रकारहरु समचार लेख्न, खोज्न, फिल्डमा जान्छन् उनीहरुलाई संक्रमण हुन सक्छ त्यसैले उनीहरुलाई सहयोग गरेको हो ।

हामी पत्रकार समाजको ऐना अर्थात हामी समाजको अगुवा भनेर भन्छौ । समाजलाई दोहोर्याउन पहिलो कर्तब्य पत्रकारको हो । आज उदयपुरमा ३० जना बढि मानिसले कोरोना भाइरसबाट ज्यान गुमाउनुपर्यो । स्थानीय प्रशासनले कडाइ नगर्दा र हामी नागरिकले सचेत नहुँदा यो संकट बेहोर्नुपर्यो। उदयपुरका पत्रकारहरुले समचार नलेखेका होइनन । तर लेखेर पनि कमी लेखे होलान । हामीले सहयोग पाएको मास्क, सेनेटाइजर, फेस शिल्ड लगाएर बजार कडाई गर्न स्थानीय प्रशासनलाई सुशुचित गरेको भए उदयपुरमा कोरोना बाट ज्यान गुमाउनेहरुको सङ्ख्या केही कम हुन सक्थ्यो । स्थानीय प्रशासनका हाकिमहरु कार्यालयमा बसेर फिल्डमा कार्यरत प्रहरीहरुलाई लाठी प्रहार गर्न समेत अनुमती दिदैनन् । फिल्डमा घाम र पानी सहेर खट्ने प्रहरीहरु लाचार, निरिह छन् ।

निषेधाज्ञा लागु गरेर स्थानीय प्रशासनले ठुलो काम गरेको भन्न सोचेका होलान । तर होइन स्थानीय प्रशासन उदयपुरमा महामारी नियन्त्रण गर्नमा चुकेको हो। लाठी प्रहार गर्न प्रहरीलाई माथि हाकिमको आदेश पर्खिरहेका हुन्छन् । तर सर्बसाधरणले प्रहरीको कुरा सुनिदिदैनन् । सहयोग लिएका पत्रकारहरु सहयोग लिएर घरमा बस्छन्। मानौ कि पत्रकारले सहयोग पेन्सनको रुपमा पाएका हुन। या के का लागि सहयोग पाएका हुन । समचार लेख्नुको सटटा कोठा, घरमा बसेर आफ्नो भाग खोज्छन । हो आबश्यक परेकाहरुलाई सहयोग गरौ । आबश्यक परेकाहरुलाई सहयोग सामाग्री दिउ । हामी पत्रकारहरु मास्क, सेनेटाइजर किन्न सक्छौ । तर कम आयस्रोत भएका नागरिकलाई सहयोग गर्ने हो भने यो महामारीलाई पार लगाउन सक्छौ ।

# लिमचुङबुङका कोरोना संक्रमितलाई सहयोग

❖ मुलकी संवाददाता

*उदयपुर, जेठ २२*

कोविड महामारीको चपेटामा परेका प्रदेशबासी संक्रमितलाई 'अन्तराष्ट्रिय नेपाली समाज (इन्स)'ले पोषिलो खानेकुरासहितको राहत बितरण गर्न थालेको छ । महामारीको संक्रमणमा परेर उपचाररत बिरामीको आत्मबल बढाउन तथा रोगप्रतिरोधात्मक क्षमता बृद्धि गर्न इन्सले राहत बितरण गरेको हो । इन्स् वैदेशिक रोजगारीको क्रममा समुद्रपारका बिभिन्न देशमा कार्यरत नेपालीहरुको साहित्यिक संस्था हो ।




महामारीको बेला सहयोग गर्ने उदेश्यले देशभर राहत वितरण गर्ने योजना अनुसार इन्सले १ नम्बर प्रदेश अन्तर्गत उदयपुरको कर्णाली मानिएको लिमचुङबुङ गाउँपालिकालाई सुरुमा राहत दिएको छ । जस अनुसार शुक्रबार इन्सका केन्द्रीय उपाध्यक्ष झलक बुढाथोकीको संयोजकत्वमा गठित 'राहत संकलन तथा बितरण संयोजन समिति'ले गाउँपालिकालाई राहत हस्तान्तरण गरेको छ।

सदरमुकाम त्रियुगा नगरपालिका ३ मोतिगडामा आयोजित एक कार्यक्रममा उपाध्यक्ष बुढाथोकी र लिम्चुङबुङ-काठमाडौ समन्वय समाजका संयोजक तबिन्द्र राईले गाउँपालिकाका प्रेस सल्लाहकार दिनेश राईलाई हस्तान्तरण गरे । बाराहस्थित आईसोलेसन र होमआईसोलेसनमा उपचाररत संक्रमितलाई बितरण गर्ने गरी १५ बोरा गुणस्तरीय चामल, १० क्रेट अण्डा, १ बोरा चना, १ बोरा मटर, १ बोरा मुगी दाल र फलफुलतर्फ १ कार्टुन स्याउ, १ कार्टुन अनार र पिपिई सेट हस्तान्तरण गरिएको उपाध्यक्ष बुढाथोकीले बताए।

प्रेस सल्लाहकार राईले सामग्री ग्रहण गर्दै महामारीको शंकटमा आफ्नो गाँस काटेर सहयोग गेरकोमा प्रशंसा गर्दै इन्स र त्यसका पदाधिकारीलाई धन्यबाद दिए । संस्थाले दिएको पौष्टिक आहारजन्य सामग्री यथासिघ्र गाउँपालिका पठाएर संक्रमितलाई बितरण गर्ने सल्लाहकार राईले प्रतिबद्धता जनाएका थिए ।

इन्सका महासचिव अर्जुन श्रीले जन्मभूमिमा व्याप्त महामारीका बेला थोरै भए पनि सहयोग गर्ने उदेश्यले राहत बितरण गर्ने योजना ल्याइएको बताए । प्रवासमा रहेका नेपाली युवाहरुले कोविड संक्रमित बिरामीको उद्धारमा सक्दो सहयोग गर्ने उदेश्यले गाँस कटाएर संकलन गरी राहत सामग्री उपलब्ध गराएको उनले बताए।

संस्थाका अर्का केन्द्रीय उपाध्यक्ष ईश्वर राईले नेपालमा व्याप्त महामारीबाट बँचाउन थोरै भए पनि सहयोग गर्न पाएकोमा खुसी लागेको बताउँदै राहत बितरण कार्यक्रम प्रदेशका सबै जिल्लामा गरिने, बताए ।

उनले समाजकी महिला उपाध्यक्ष नजवुल खान र राष्ट्रिय समिति सदस्यद्वय रुपा राई र पारु विकको पहलमा राहतका लागि थप इच्छुकसँग सहयोग संकलन गर्न थालिएको जानकारी दिए ।

राहत संयोजन समितिले केन्द्रबाट आएको रकम अपुग हुने भएपछि अरुसँग पनि सहयोग लिन थालिएको जनाएको छ । जस अनुसार स्वयं उपाध्यक्ष बुढाथोकीले ५ हजार, अमेरिकामा कार्यरत उदयपुरकै माथबरसिंह राउतले ५ हजार, केन्द्रीय सदस्य दुर्गा राईले ५ हजार दिने भएका छन् ।

त्यस्तै, लिमचुङबुङ ५ जाँतेका सन्देश बुढाथोकीले ३ हजार ५ सय र राष्ट्रिय समिति सदस्य रुपा राईले ३ हजार सहयोग दिने प्रतिबद्धता जनाएको उपाध्यक्ष बुढाथोकीले बताए।






# बोक्से र जाल्पामा सहयोग



❖ मुलुकी संवाददाता

*जाल्पा, जेठ २२*

उदयपुरमा आज भोली सहयोग गर्नेहरुको भिड लागेको छ । जिल्लाको विभिन्न संघसंस्थाहरुले सहयोग गरिरहेका छन् । शनिबार दाजु भाई समुहले उदयपुरको त्रियुगा नगरपालिका वडा नम्बर १० बोक्से नयाँबस्ती र वडा नम्बर १६ जाल्पाका ४६ घर परिवारलाई खाद्यन्न सामाग्री वितरण गरेको छ ।

संस्थाले खाद्यन्न सामाग्री वितरण अभियानको चौथो दिन त्रिनपा १० नयाँ बस्तीका ३६ घर परिवारलाई खाद्यन्न सामाग्री हस्ताणतरन गरिएको दाजु भाई समुह नेपालले जनाएको छ ।

त्रियुगा नगरपालिकाको वडा नम्बर १६ स्थित बेल्दोभानका १० घर परिवारलाई पनि राहात सामाग्री हस्ताणतरन गरेको छ । राहात वितरणको चौथो दिन सम्ममा युवाहरुले एक सय २७ परिवारलाई राहात वितरण गरी सकेको जनाएको छ ।

श्रमको शिलसिलामा कतारमा रहेका युवाहरुले गठन गरेको दाजु भाई समुहले आफ्नो गृह जिल्लामा सहयोग गर्ने क्रम जारी राखेको छ । संस्थाले लकडाउनबाट खाद्यन्न संकट भोगिरहेको परिवारलाई सहयोग गरेको हो ।

दाजु भाई समुहले सरु गरेको अभियानमा समुहका नेपाल सदस्य राजकुमार घिमिरे संगै स्थानिय युवाहरु देवराज विक, भुवन विक, पर्शुराम श्रेष्ठ, तिलक विक, सुदिप श्रेष्ठ र हरि विकले स्वंमसेवकको रुपमा सहयोग गरिरहेको संस्थाले जनाएको छ ।

NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामूलक सँदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू
ज्वरो
श्वास प्रश्वासमा आत्याधिक समस्या
रुघा र खोकी

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?
नियमित रूपमा साबुन-पानीले हात धुने
खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने
यदि फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने
जंगली तथा घरेलु पशुपन्छीहरूसँग असुरक्षित सम्पर्कबाट टाढा रहने
पशुजन्य मासु/अन्डा राम्रोसँग पाकेको मात्र खाने

उदयपुरगढी गाउँपालिकाको कार्यालय
उदयपुरगढी

सार्वजनिक हितका लागि
लिम्चुङबुङ गाउँपालिकाद्वारा जारी सूचना

समयमै कर तिरौं,
असल नागरिकको परिचय दिऔं ।

- आफूले सञ्चालन गरेको व्यापार, व्यवसायको समयमै नविकरण गरौं ।
- उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमका वस्तुको बिक्री वितरण नगरौं ।
- दर्ता गरेर मात्र व्यापार, व्यवसाय सञ्चालन गरी असल व्यवसायीको पहिचान कायम गरौं ।
- बिना इजाजत मदिराजन्य पदार्थको बिक्री वितरण नगरौं ।
- खाद्य र अखाद्य वस्तु एकै ठाउँमा राखेर बिक्री वितरण नगरौं ।
- समयमै कर तिरौं : जरिवाना र हर्जाना तिर्नबाट बचौं ।


सहभागितामूलक, समावेशी तथा साझेदारीपूर्वक विकास निर्माण, स्वच्छ, निष्पक्ष तथा सुशासनयुक्त कार्यशैली हाम्रो अभियान, जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग र अशक्त नागरिकप्रति जिम्मेवार बनौं । (जन्म, मृत्यु, बिवाह, बसाइ-सराइ, सम्बन्धविच्छेद) जस्ता व्यक्तिगत घटना दर्ताहरू सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

लिम्चुङबुङ गाउँकार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर, प्रदेश नं. १ नेपाल

हार्दिक श्रद्धाञ्जली !

मेरा मिलनसार मित्र रबिन्द्र चामलिङ राईको बाजे इन्द्रजित राईको उदयपुर जिल्ला रौतामाइ गाउँपालिका वडा नम्बर - ६ आपटार, (साबिक आपटार गाबिस १) मा बि .स. १९९६ सालमा जन्म भई २०७८ साल जेठ १५ गते शनिबार कोरोना भाईरसको कारण असामायिक निधन भएको हुँदा उहाँ प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै शोकसन्तप्त परिवार प्रति धेर्यधारणाको कामना गर्दछु ।

जन्म
बि.स. - १९९६



निधन -
बि.स. - २०७८ जेठ १५ गते शनिबार

स्वर्गीय - इन्द्रजित राई

मुलुकी

www.majhkharka.com / mulukikhabar.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# उदयपुरगढीको आगलागी पिडितलाई घर

❖ मुलुकी संवाद्दाता

*उदयपुरगढी, जेठ २२*

उदयपुरगढी गाउँपालिकाको वडा नम्बर१ मा आगोलागी पिडितलाई ग्रामिण उत्थान युवा क्लबले घर बनाईदिएको छ ।

गाउपालिकाको वडा नम्बर १ बिष्णुचौरी गाउँमा क्लबले ६० हजार लागतमा घर निर्माण गरिदिएको समुका प्रतिनिधि बलिराज मगरले जानाकारी दिए। उनका अनुसार गाउँमा आपतबिपतमा परि आएकाहरुको लागि क्लबले निरन्तर सहयोग गरिरहेको उनले बताए । क्लबले अन्य ब्यक्तिहरुलाई पनि सहयोग गर्ने कार्यक्रम बनाईरहेको जनाएको छ ।



# कटारी अस्पतालमा प्रसुती सेवा सुरु

❖ मुलुकी संवाद्दाता

*कटारी, जेठ २२*

उदयपुरमो पश्चिमी नगरपालिका कटारी अस्पताल मा शनिबारदेखि प्रसुती शल्यक्रिया सेवा संचालनमा आउने भएको छ ।

कटारी अस्पतालका डा. राज कुमार गजमेरको टिमले अपरेशन सेवा सुरु गर्ने जनाईएको छ। जिल्लामा कोरोना महामारी चलिरहेको अवस्थामा कटारी अस्पतालमा प्रसुती शल्यक्रिया सेवा नहुँदा सेवाग्राही अन्यत्र जान बाध्य भएका थिए । गएको जेठ पहिलो हप्ता कटारीका एक गर्भवती महिला प्रसुती सेवा कटारीमा नहुँदा जिल्ला अस्पताल उदयपुर आएका थिए। कटारीमा नै प्रसुती सेवा दिने अस्पताल भए पनि विभिन्न प्राविधिक कारणले सेवा अवरुद्ध भएको थियो। जसका कारण सेवाग्राही मार्कामा परेका थिए । कटारी अस्पतालमै सेवा सुचारुभएपछि कटारी नगरपालिका सहित छिमेकी जिल्लाहरु सिन्धुली, ओखलढुङ्गा सर्वसाधरणहरुले सुविधा पाउनेछन् ।










त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड,
लालिगुराक बोडिङदेखि पुर्व पटी मन्दिर अगाडी ।
प्रोपाइटरः–**थमान चामलिङ राई**
सम्पर्कः– ९८४२९७५८७७, ९८१९७३८६८३
*यहा अण्डा डिलर होलसेल तथा खुद्रा मुल्यमा बिक्रि गरिन्छ । पानी, थुक्पा, सस, स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु, खुद्रा तथा होलसेल मुल्यमा पाईन्छ ।*

## पाण्डे श्री सप्लायर्स & ट्रेडर्स



त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको ।
प्रोपाइटरः–**बिनोदकुमार पाण्डे**
सम्पर्कः– ९८५२८३०५८२
*यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ ।*


माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी दैनिक
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ राई)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ०३५-४२०३९४/९८५२८३५८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट